

निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

# नेपालको संविधानमा निर्वाचन

## र

## यससँग सम्बन्धित केही जानकारी





# नेपालको संविधानमा निर्वाचन

## र

## यससँग सम्बन्धित केही जानकारी

निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

# मन्तव्य



नेपालको संविधानले निर्वाचन आयोगलाई स्वतन्त्र संवैधानिक निकायको रूपमा स्थापित गरी मर्यादित स्थान दिएको छ । आयोगलाई राष्ट्रपति, उपराष्ट्रपति, संघीय संसद, प्रदेश सभा र स्थानीय तहका सदस्यको निर्वाचनको सञ्चालन, रेखदेख, निर्देशन र नियन्त्रणको जिम्मेवारी दिइएको छ । निर्वाचन प्रयोजनका लागि मतदाता नामावली सङ्कलन गर्ने, राष्ट्रिय महत्वको विषयमा जनमत सङ्ग्रह गराउने र राजनीतिक दल दर्ता तथा नियमनको काम पनि आयोगको जिम्मेवारीमा पर्छ ।

संविधानले मुलुकलाई संघीय लोकतान्त्रिक गणतन्त्रका रूपमा स्थापित गरी संघ, प्रदेश र स्थानीय तहमा संरचित गरेको छ । स्थानीय तहदेखि नै राज्य सञ्चालनमा व्यवस्थापिका, कार्यपालिका र न्यायपालिका वा न्यायिक समिति जस्ता संरचनाको व्यवस्था गरिएको छ । आवधिक निर्वाचनलाई सुनिश्चित गर्दै बालिग मताधिकारको सर्वोच्चतालाई आत्मसात् गरिएको छ । सबै तहका व्यवस्थापिका सभा समवेशी हुने गरी शासन व्यवस्थामा मुलुकका विभिन्न वर्ग, समुदायको प्रतिनिधित्वलाई थप सुनिश्चित गरेको छ ।

संविधानप्रदत्त जिम्मेवारीलाई पूर्ण व्यावसायिक दक्षता र नागरिकको अपेक्षा अनुरूप मर्यादित ढङ्गले सम्पादन गर्न सके मात्रै आयोगको छवि उच्च रहन्छ । यसका लागि आयोग र अन्तर्गत कार्यरत कर्मचारी एवं निर्वाचनको काममा प्रत्यक्ष वा परोक्ष रूपमा संलग्न रहने सबैमा निर्वाचनको सञ्चालन र व्यवस्थापन सम्बन्धी ज्ञान अद्यावधिक हुनु अनिवार्य हुन्छ । यस सिलसिलामा नेपालको संविधानले निर्वाचन आयोगको गठन, काम कर्तव्य र अधिकार, आयोगबाट सम्पन्न

गर्नुपर्ने विभिन्न तहको निर्वाचनका लागि अङ्गीकार गरिएका निर्वाचन प्रणाली, राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचन, स्थानीय तह, प्रदेश सभा र संघीय संसदको गठन, राजनीतिक दल दर्ता आदि विषयमा गरेका व्यवस्था एवं निर्वाचनसँग सम्बन्धित अन्य विषय बारे आयोग र अन्तर्गत कार्यालयमा कार्यरत कर्मचारी र निर्वाचनका विषयमा सरोकार राख्ने सम्बद्ध सबैलाई आवश्यक जानकारी उपलव्ध गराउन यो पुस्तिका तयार गरी प्रकाशनमा ल्याइएको छ ।

प्रश्नोत्तर शैलीमा तयार गरिएको 'नेपालको संविधानमा निर्वाचन र यससँग सम्बन्धित केही जानकारी' नामक प्रस्तुत पुस्तिका निर्वाचनको काममा संलग्न रहने आयोग र अन्तर्गत कार्यरत कर्मचारी, मतदाता शिक्षा कार्यकर्ता, राजनीतिक दल, मतदाता, विद्यार्थी, शिक्षक लगायत सरोकारवाला सबैका लागि उत्तिकै उपयोगी हुने कुरामा विश्वस्त छु ।

प्रस्तुत पुस्तिकालाई अझ उपयोगी र जानकारीमूलक बनाउन निर्वाचनका विषयमा चासो राख्ने सबै सरोकारवाला तथा शुभेच्छुकबाट लिखित वा मौखिक रूपमा प्राप्त हुने सुझावको आयोगले सदैव स्वागत गर्दछ । पुस्तिकालाई यो रूपसम्म ल्याउन अथक प्रयास गर्ने आयोगका सहसचिव वासुदेव गुरागाईं र उपसचिव देशबन्धु अधिकारीको मेहनतको म विशेष प्रशंसा गर्दछु ।

अन्तमा पुस्तिका तयार गर्ने कार्यमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा संलग्न हुने आयोगका पदाधिकारी, सचिव र अन्य सबै कर्मचारीप्रति आयोगका तर्फबाट हार्दिक धन्यवाद प्रकट गर्दछु ।

२०७३, वैशाख ।

**डा. अयोधीप्रसाद यादव**
कार्यवाहक प्रमुख निर्वाचन आयुक्त

# प्रश्नोत्तर

**१. नेपालको संविधान कुन मितिमा जारी भयो ?**

- नेपालको संविधान २०७२ साल असोज ३ गते आइतबारका दिन बेलुका जारी भयो ।

**२. संविधानको प्रस्तावनामा निर्वाचनसँग सम्बन्धित कुन कुन विषय उल्लेख गरिएको छ ?**

- बालिग मताधिकार र आवधिक निर्वाचनलाई संविधानको प्रस्तावनामा स्पष्ट रूपमा उल्लेख गरिएको छ ।

**३. लोकतन्त्र भनेको के हो ?**

- देशको समग्र राज्य व्यवस्थामा लोकमतको सर्वोच्चता कायम हुनु र जनमतको आधारमा राज्य व्यवस्था सञ्चालन हुनु नै लोकतन्त्र हो ।
- लोकतन्त्रमा राष्ट्रको प्रमुख समेत प्रत्यक्ष वा परोक्ष जनमतबाट निर्वाचित हुन्छन् । लोकतन्त्रका विभिन्न स्वरूप छन् । प्रतिनिधिमूलक लोकतन्त्रलाई विश्वव्यापि रूपमा स्वीकार गरिएको छ ।

**४. निर्वाचन भन्नाले के बुझिन्छ ?**

- सबै नागरिक देशको शासन व्यवस्थामा प्रत्यक्ष रूपमा सहभागी हुन सम्भव हुँदैन ।

- आफ्नो गोप्य मत दिएर निर्वाचित गरेका प्रतिनिधि मार्फत उनीहरू शासन व्यवस्थामा सहभागी हुन्छन् ।
- जनप्रतिनिधिको छनोट गर्ने विधि एवं प्रक्रिया नै निर्वाचन हो ।
- निर्वाचन विधि र प्रक्रिया सदैव स्वच्छ, स्वतन्त्र र विश्वसनीय हुनु अनिवार्य हुन्छ ।

## ५. निर्वाचन प्रणाली भनेको के हो ?

- बालिग मताधिकारको आधारमा मतदाताबाट व्यक्त भएको गोप्य मतबाट उनीहरूका प्रतिनिधि निर्वाचित हुन्छन् । मतदाताको मतलाई विजयी स्थान (Seat) मा रूपान्तरण गर्नु आवश्यक हुन्छ । मतलाई स्थान (Seat) मा रूपान्तरण गर्ने विधि नै निर्वाचन प्रणाली हो ।
- संसारमा मुख्यतः बढीमत/बहुमत, समानुपातिक प्रतिनिधित्व, मिश्रित र अन्य गरी ४ वटा निर्वाचन प्रणाली परिवारभित्र विभिन्न १२ प्रणालीहरू प्रचलनमा छन् ।
- सबै निर्वाचन प्रणालीका आ-आफ्ना विशेषता छन् । निर्वाचन प्रणालीमा रहेको खास खास विशेषताका कारण मतको अवस्था उही रहे पनि प्रणाली अनुसार प्रतिनिधित्वको सङ्ख्या र स्वरूपमा भने फरक नतिजा आउँछ ।
- संसारका सबैजसो मुलुकले राजनीतिक परिवर्तनको विशिष्ट अवस्थामा वा मुलुकले आत्मसात् गरेका खास खास मुद्दाको सम्बोधन गरी देशमा शान्ति, स्थिरता

र समृद्धि हासिल गर्न साविकदेखि प्रयोग गर्दै आएको निर्वाचन प्रणालीको सट्टा अर्को निर्वाचन प्रणाली अपनाएका छन् ।

- हाम्रो मुलुकमा पनि २०६२।०६३ को जनआन्दोलनपछि राजनीतिक द्वन्द्वको व्यवस्थापन र मुलुकको धार्मिक, सांस्कृतिक, सामाजिक विविधताको सम्बोधनका लागि बढीमत/बहुमत निर्वाचन प्रणालीको सट्टा मिश्रित निर्वाचन प्रणाली अपनाइएको हो । यही प्रणालीको आधारमा २०६४ र २०७० सालमा संविधान सभा सदस्यको निर्वाचन सम्पन्न भयो ।

### ६. निर्वाचन प्रणालीको सम्बन्धमा संविधानमा के व्यवस्था छ ?

- संविधानले स्थानीय तह, प्रदेश सभा, संघीय संसद तथा राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचनका लागि विभिन्न निर्वाचन प्रणालीको प्रयोग हुने व्यवस्था गरेको छ ।
- नेपालको संविधानले बालिग मताधिकारको सर्वोच्चता र समावेशी प्रतिनिधित्वको सिद्धान्तलाई अङ्गीकार गरेको छ ।
- संविधानले स्थानीय तहका सदस्यको निर्वाचनमा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली र प्रदेश सभा तथा प्रतिनिधि सभाको निर्वाचनमा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली र राजनीतिक दललाई मत दिने समानुपातिक निर्वाचन प्रणाली बमोजिम निर्वाचन हुने व्यवस्था गरेको छ ।
- राष्ट्रपति, उपराष्ट्रपति र राष्ट्रिय सभाका सदस्य निर्वाचक मण्डलको मतबाट निर्वाचित हुने व्यवस्था छ ।

- स्थानीय तहमा बालिग मताधिकारको आधारमा गोप्य मतदानबाट निर्वाचित हुने, जन निर्वाचित प्रतिनिधिले आफू मध्येबाट निर्वाचित गर्ने र जननिर्वाचित प्रतिनिधिले कुनै खास वर्ग वा समुदायको प्रतिनिधित्वका लागि ती वर्ग वा समुदायका व्यक्ति मध्येबाट निर्वाचित सदस्य रहने व्यवस्था गरिएको छ ।
- राष्ट्रपति, उपराष्ट्रपति र राष्ट्रिय सभाका सदस्यहरू बालिग मताधिकारको आधारमा निर्वाचित प्रतिनिधिहरू रहेको निर्वाचक मण्डलको मतबाट निर्वाचित हुने व्यवस्था गरिएको छ भने राष्ट्रिय सभामा सरकारको सिफारिसमा मनोनयन गरिएका सदस्य समेत रहने व्यवस्था छ ।

## ७. निर्वाचक मण्डल भन्नाले के बुझिन्छ ?

- राष्ट्रपति, उपराष्ट्रपति वा यस्तै अन्य महत्वपूर्ण पदमा आसीन हुने व्यक्तिको निर्वाचन गर्न आममतदाताबाट निर्वाचित व्यक्तिहरूको समूहलाई निर्वाचक मण्डल भनिन्छ ।
- नेपालको सन्दर्भमा राष्ट्रपति, उपराष्ट्रपति र राष्ट्रिय सभाका सदस्यको निर्वाचन निर्वाचक मण्डलको मतबाट हुने व्यवस्था छ ।

## ८. मिश्रित निर्वाचन प्रणाली भनेको कस्तो निर्वाचन प्रणाली हो ?

- दुई भिन्दा भिन्दै निर्वाचन प्रणालीको एक साथ प्रयोग गरिने अर्थात् मिश्रण गरिने प्रणाली हो ।
- यो प्रणालीमा बढीमत/बहुमत वा अन्य निर्वाचन प्रणाली

र समानुपातिक प्रतिनिधित्व प्रणालीका सकारात्मक गुणहरूलाई मिश्रित गरिएको छ

- मिश्रित प्रणाली परिवारभित्र मिश्रित सदस्य समानुपातिक र समानान्तर गरी दुईवटा प्रणाली छन् ।
- हाम्रो देशमा समानान्तर प्रणाली अपनाइएको छ ।
- समानान्तर प्रणालीमा उम्मेदवारको छनोट बढीमत/बहुमत प्रणाली र सूचीमा आधारित समानुपातिक प्रणालीबाट गरिन्छ । दुवै प्रणालीबाट प्राप्त नतिजा एक अर्काबाट प्रभावित हुँदैनन्
- हाम्रो देशमा बढीमत/बहुमत प्रणालीको पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली र समानुपातिक प्रतिनिधित्व प्रणालीको सूचीमा आधारित समानुपातिक निर्वाचन प्रणाली अपनाइएको छ ।
- हाम्रो देशमा संविधान सभा सदस्य निर्वाचनमा समानान्तर प्रणाली अपनाइएको थियो
- संविधानले प्रतिनिधि सभा सदस्यको निर्वाचन र प्रदेश सभाका सदस्यको निर्वाचनका लागि यही प्रणाली अङ्गीकार गरेको छ ।

**९. पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली कस्तो निर्वाचन प्रणाली हो ?**

- यो प्रणाली बढीमत/बहुमत प्रणाली परिवार अन्तर्गत पर्ने प्रणाली हो ।
- संसारमा प्रचलित निर्वाचन प्रणाली मध्ये सबैभन्दा पुरानो प्रणाली हो ।

- यो प्रणालीमा जतिसुकै मत ल्याए पनि अरूले भन्दा बढी सदर मत ल्याउने व्यक्ति निर्वाचित हुन्छन् ।
- यो प्रणालीमा एक सदस्यीय निर्वाचन क्षेत्र र उम्मेदवार केन्द्रित मतपत्रको प्रयोग हुन्छ ।
- मतदाताले एक उम्मेदवारलाई एक मत प्रदान गर्छन् ।
- प्रतिनिधिहरूमा भौगोलिक जवाफदेहिता रहन्छ । जनप्रिय व्यक्तिहरू विजयी हुन्छन् । एकमना सरकारको गठनलाई बढी सम्भव बनाउँछ । सशक्त प्रतिपक्षी रहन्छ । यिनै कुराहरू यस प्रणालीका राम्रा पक्ष हुन् ।
- यसका केही कमजोरी पनि छन् । यो प्रणालीले साना दलको प्रतिनिधित्वलाई निरुत्साहित गर्छ । प्राप्त मत र स्थान बीच सन्तुलन हुँदैन । मत खेर जान्छ । कहिलेकाहीँ अल्पमतले बहुमतलाई शासन गर्ने अवस्था आउँछ । समानुपातिक प्रतिनिधित्व हुँदैन । महिला र पिछडिएको वर्गको प्रतिनिधित्वलाई सुनिश्चित गर्दैन ।

**१०. दुई चरण निर्वाचन प्रणाली कस्तो निर्वाचन प्रणाली हो ?**

- पहिलो चरणको निर्वाचनमा कुनै उम्मेदवार वा दलले कुल मतको बहुमत नल्याएमा सबैभन्दा धेरै मत ल्याउने पहिलो र दोस्रो उम्मेदवार बीच प्रतिस्पर्धा गरिने निर्वाचन प्रणाली हो ।
- राष्ट्रपतिको निर्वाचनमा धेरै मुलुकमा यो प्रणालीको प्रयोग हुने गरेको छ ।
- नेपालको संविधानले राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचनका लागि यो प्रणालीलाई समेत अङ्गीकार

गरेको छ ।

- दुई चरणमा समेत बहुमत आवश्यक हुने व्यवस्थाले त्यसपछि हुने निर्वाचन सम्बन्धमा समेत व्यवस्था गरिएको छ । दुई चरणको निर्वाचनपछि हुने निर्वाचनमा भने खसेको कुल मतको बढी मत प्राप्त गर्ने उम्मेदवार विजयी हुने व्यवस्था गरिएको छ ।
- यो प्रणालीमा मतदातालाई छनोटको अवसर २ पटक उपलव्ध हुन्छ ।
- जनप्रिय दल वा उम्मेदवारले जित्ने अवसर बढाउँछ ।

**११. समानुपातिक निर्वाचन प्रणाली भनेको के हो ?**

- राजनीतक दलले प्राप्त गरेको मतको आधारमा सिटको बाँडफाँट गरिने निर्वाचन प्रणाली समानुपातिक निर्वाचन प्रणाली हो ।
- यो प्रणालीका लागि  बहुसदस्यीय निर्वाचन क्षेत्र अनिवार्य हुने भएकाले सम्पूर्ण मुलुकलाई एक निर्वाचन क्षेत्रको रूपमा वा प्रान्तीय रूपमा क्षेत्र कायम गरिन्छ ।
- कतिपय देशमा प्रतिनिधित्वको लागि आवश्यक पर्ने मतको न्यूनतम सीमा (Threshold) निर्धारण गरिएको हुन्छ ।
- यो प्रणाली अन्तर्गत सूचीमा आधारित समानुपातिक प्रणाली र एकल संक्रमणीय मत प्रणाली गरी दुई प्रणाली छन् । सूचीमा आधारित प्रणालीमा पनि बन्द सूची, खुला सूची र स्वतन्त्र सूची गरी ३ किसिमका प्रणाली हुन्छन् ।

- नेपालको सन्दर्भमा प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचनमा समानुपातिक निर्वाचन प्रणालीतर्फ बन्द सूचीमा आधारित प्रणाली अपनाइएको छ ।

**१२. बन्द सूची भनेको के हो ?**

- राजनीतिक दलले निर्वाचन व्यवस्थापन गर्ने निकाय (नेपालको सन्दर्भमा निर्वाचन आयोग) समक्ष उम्मेदवाहरूको सूची पेश गर्छन् ।
- अन्तिम सूची तयार भएपछि त्यसलाई परिवर्तन गर्न सक्दैनन् ।
- त्यसैले यसलाई बन्दसूची भनिन्छ ।
- दलले पाएको मतको आधारमा उपलव्ध हुने सिटमा राजनीतिक दलले विजयी उम्मेदवारको छनोट गर्छन् ।
- राजनीतिक दलले प्राप्त गर्ने सिट बाँडफाँटका लागि सेण्ट लग, मोडिफाइड सेण्ट लग सूत्र जस्ता सूत्रको प्रयोग गरिन्छ । संविधान सभा सदस्य निर्वाचनमा मोडिफाइड सेण्ट लग सूत्र (१.४, ३, ५, ७.........र यस्तै विजोर अङ्कले भाग गर्ने र अधिक शेष (Higher Reminder) ले सिट प्राप्त गर्दै जाने विधि) को प्रयोग गरिएको थियो ।

**१३. निर्वाचन आयोगको गठनका सम्बन्धमा संविधानमा के कस्तो व्यवस्था गरिएको छ ?**

- निर्वाचन आयोग संवैधानिक निकाय हो । संविधानको धारा २४५, २४६ र २४७ मा निर्वाचन आयोगका सम्बन्धमा व्यवस्था गरिएको छ ।

- आयोगमा एकजना प्रमुख निर्वाचन आयुक्त र अन्य चारजना आयुक्त रहन्छन् । प्रमुख आयुक्तले आयोगको अध्यक्ष भई काम गर्छन् ।
- प्रमुख निर्वाचन आयुक्त र आयुक्तहरूको नियुक्ति संवैधानिक परिषदको सिफारिसमा संसदीय सुनुवाइपछि राष्ट्रपतिबाट हुन्छ ।
- प्रमुख निर्वाचन आयुक्त र निर्वाचन आयुक्तको पदावधि ६ वर्षको हुन्छ ।
- प्रमुख निर्वाचन आयुक्त र आयुक्तहरूको पुनर्नियुक्ति हुँदैन ।

  तर निर्वाचन आयुक्तमा नियुक्त भई काम गरिरहेको व्यक्ति प्रमुख निर्वाचन आयुक्तको पदमा भने नियुक्त हुनसक्छन् ।

**१४. प्रमुख निर्वाचन आयुक्त र आयुक्तको पदमा नियुक्त हुन चाहिने योग्यता के के हो ?**

प्रमुख निर्वाचन आयुक्त/आयुक्तको पदमा नियुक्त हुन देहायको योग्यता हुनु आवश्यक छ :-

- स्नातक उपाधि प्राप्त,
- ४५ वर्ष उमेर पूरा भएको,
- नियुक्ति हुँदाका बखत कुनै राजनीतिक दलको सदस्य नरहेको, र
- उच्च नैतिक चरित्र भएको ।

**१५. प्रमुख निर्वाचन आयुक्त र आयुक्त कुन अवस्थामा पद मुक्त हुन्छन् ?**

- राष्ट्रपति समक्ष लिखित राजीनामा दिएमा,
- पैसठ्ठी वर्ष उमेर पूरा भएमा,
- धारा १०१ बमोजिम महाअभियोग प्रस्ताव पारित भएमा,
- शारीरिक वा मानसिक अस्वस्थताको कारण सेवामा रही कार्य सम्पादन गर्न असमर्थ रहेको भनी संवैधानिक परिषदको सिफारिसमा राष्ट्रपतिले पदमुक्त गरेमा,
- मृत्यु भएमा ।

**१६. निर्वाचन आयोगका मुख्य काम के के हुन् ?**

निर्वाचन आयोगका मुख्य काम देहाय बमोजिम छन् :-

- राष्ट्रपति, उपराष्ट्रपति, संघीय संसदका सदस्य, प्रदेश सभाका सदस्य, स्थानीय तहका सदस्यको निर्वाचनको सञ्चालन, रेखदेख, निर्देशन र नियन्त्रण गर्ने,
- निर्वाचन प्रयोजनको लागि मतदाता नामावली तयार गर्ने,
- राष्ट्रिय महत्वको विषयमा जनमत संग्रह गराउने,
- राष्ट्रपति, उपराष्ट्रपति, संघीय संसदका सदस्य, प्रदेश सभाका सदस्य, स्थानीय तहका सदस्यको निर्वाचनमा उम्मेदवारीको मनोनयनपत्र दर्ता भइसकेको तर निर्वाचन परिणाम घोषणा भइनसकेको अवस्थामा कुनै उम्मेदवारको योग्यता सम्बन्धमा कुनै प्रश्न उठेमा त्यसको निर्णय गर्ने,
- संविधानको भाग २९ को धारा २६९, २७०, २७१ र २७२ मा रहेको व्यवस्था अनुसार दल दर्ता र नियमन गर्ने ।

**१७. राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचनमा मतदान गर्ने मतदाता को हुन्छन् ?**

- संविधानको धारा ६२ मा राष्ट्रपतिको निर्वाचन सम्बन्धी व्यवस्था छ ।
- राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचनका लागि संघीय संसद (प्रतिनिधि सभा र राष्ट्रिय सभा) का सदस्य तथा प्रदेश सभाका सदस्य रहेको निर्वाचक मण्डल (Electoral College) रहन्छ ।
- कुनै प्रदेशमा प्रदेश सभाको निर्वाचन नभएका कारणले मात्र राष्ट्रपतिको निर्वाचनका लागि निर्वाचक मण्डलको गठन हुन बाधा नपर्ने व्यवस्था संविधानले गरेको छ ।
- निर्वाचक मण्डलका सदस्यले गोप्य मतदानबाट राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचन गर्छन् ।
- संघीय संसद र प्रदेश सभाका सदस्यको मतभार भने संघीय कानून बमोजिम फरक हुन्छ ।

**१८. राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचन प्रक्रिया कस्तो छ ?**

- निर्वाचक मण्डलको तत्काल कायम रहेको कुल मतको बहुमतबाट राष्ट्रपति र उपराष्ट्रपति निर्वाचित हुन्छन् ।
- पहिलो निर्वाचनमा कुनै उम्मेदवारले कुल मतको बहुमत प्राप्त गर्न नसकेमा सबैभन्दा बढी मत प्राप्त गर्ने दुई जना उम्मेदवार बीच दोस्रो पटक मतदान हुन्छ र कुल मतको पचास प्रतिशतभन्दा बढी मत प्राप्त गर्ने उम्मेदवार निर्वाचित हुन्छन् ।

- दोस्रो पटकको मतदानमा समेत कुनै उम्मेदवारले कुल मतको पचास प्रतिशतभन्दा बढी मत प्राप्त गर्न नसकेमा तेस्रो पटक पुनः मतदान हुन्छ। त्यस्तो मतदानमा खसेको कुल सदर मतको बढी मत प्राप्त गर्ने उम्मेदवार राष्ट्रपति र उपराष्ट्रपतिको पदमा निर्वाचित हुन्छन् ।

**१९. राष्ट्रपति र उपराष्ट्रपति हुन कस्तो योग्यता चाहिन्छ ?**

- संघीय संसदको सदस्य हुन योग्य भएको,
- कम्तीमा ४५ वर्ष उमेर पूरा भएको, र
- कुनै कानूनले अयोग्य नभएको ।

*(संघीय संसदको सदस्य हुन चाहिने योग्यता यसै पुस्तिकाको क्रम सङ्ख्या २३ मा उल्लेख गरिएको छ ।)*

**२०. राष्ट्रपति र उपराष्ट्रपति सम्बन्धी अरू मुख्य व्यवस्था के छन् ?**

- राष्ट्रपति र उपराष्ट्रपतिको पदावधि ५ वर्षको हुन्छ ।
- दुई पटक राष्ट्रपति भइसकेको व्यक्ति राष्ट्रपतिको निर्वाचनमा उम्मेदवार हुन पाउँदैनन् ।
- राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचन फरक फरक लिङ्ग वा समुदायको प्रतिनिधित्व हुने गरी गर्नु पर्छ ।

**२१. संघीय व्यवस्थापिका भनेको के हो ?**

- संविधानको धारा ८३ मा संघीय व्यवस्थापिका सम्बन्धी व्यवस्था छ ।
- प्रतिनिधि सभा र राष्ट्रिय सभा नामका दुई सदन सहितको

एक संघीय व्यवस्थापिका रहन्छ, जसलाई संघीय संसद भनिन्छ ।

**२२. संघीय संसदमा कति सदस्य रहन्छन् ?**

- संघीय संसद् दुई सदनात्मक हुन्छ ।
- यसमा कुल ३३४ सदस्य हुन्छन् । जसमध्ये प्रतिनिधि सभामा २७५ जना र राष्ट्रिय सभामा ५९ जना सदस्य रहन्छन् ।

**२३. संघीय संसदको सदस्य हुन कस्तो योग्यता आवश्यक हुन्छ ?**

संघीय संसदको सदस्य हुन संविधान बमोजिम देहायको योग्यता पूरा गरेको हुनुपर्छ :-

- नेपाली नागरिक,
- प्रतिनिधि सभाको लागि भए २५ र राष्ट्रिय सभाको लागि भए ३५ वर्ष उमेर पूरा भएको,
- नैतिक पतन देखिने फौजदारी कसुरमा सजाय नपाएको,
- कुनै संघीय कानूनले अयोग्य नभएको,
- कुनै लाभको पदमा बहाल नरहेको ।

**२४. प्रतिनिधि सभाको गठन कसरी हुन्छ ?**

- प्रतिनिधि सभाको गठन सम्बन्धमा संविधानको धारा ८४ मा व्यवस्था छ ।
- प्रतिनिधि सभामा देहाय बमोजिम निर्वाचित हुने कुल २७५ सदस्य रहन्छन् :-

- नेपाललाई जनसङ्ख्या र भौगोलिक अनुकूलता तथा विशिष्टताका आधारमा एक सय पैंसठ्ठी निर्वाचन क्षेत्र कायम गरी प्रत्येक निर्वाचन क्षेत्रबाट एक जना रहने गरी पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम निर्वाचित हुने एक सय पैंसठ्ठी सदस्य,
- सम्पूर्ण देशलाई एक निर्वाचन क्षेत्र मानी राजनीतिक दललाई मत दिने समानुपातिक निर्वाचन प्रणाली बमोजिम निर्वाचित हुने एक सय दश सदस्य ।
- यस प्रकार प्रतिनिधि सभामा ६० प्रतिशत सदस्य पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम र ४० प्रतिशत सदस्य समानुपातिक निर्वाचन प्रणाली बमोजिमको निर्वाचनबाट निर्वाचित हुन्छन् ।

**२५. प्रतिनिधि सभाको स्वरूपलाई समावेशी बनाउन समानुपातिक निर्वाचन प्रणाली अन्तर्गतको निर्वाचनका लागि राजनीतिक दलले उम्मेदवारी दिंदा समावेश गर्नुपर्ने समूह र ध्यान दिनुपर्ने विषय के के छन् ?**

- समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने निर्वाचनका लागि राजनीतिक दलले उम्मेद्वारी दिँदा जनसङ्ख्याको आधारमा देहायका विभिन्न आठ वटा समूहको प्रतिनिधित्व हुने गरी बन्दसूची तयार गर्नंपर्छ । यसै गरी उम्मेदवारी दिँदा भूगोल र प्रादेशिक सन्तुलनलाई समेत ध्यान दिनुपर्ने एवं अपाङ्गता भएको व्यक्तिको समेत प्रतिनिधित्व हुने व्यवस्था गर्नुपर्छ :-
    - महिला
    - दलित

- आदिवासी जनजाति,
- खस आर्य (क्षेत्री, ब्राह्मण, ठकुरी, सन्यासी (दशनामी समुदाय))
- मधेशी,
- थारू,
- मुस्लिम, र
- पिछडिएको क्षेत्र ।

**२६. प्रतिनिधि सभाको कार्यकाल कति अवधिको हुन्छ ?**

- प्रतिनिधि सभाको कार्यकाल पाँच वर्षको हुन्छ ।
- सङ्कट कालीन अवस्थामा भने एक वर्षमा नबढ्ने गरी कार्यकाल थप गर्न सकिन्छ ।
- कार्यकाल थप भएकोमा सङ्कट कालीन अवस्थाको घोषणा खारेज भएको मितिले ६ महिना पुगेपछि स्वतः समाप्त हुन्छ ।

**२७. प्रतिनिधि सभाको कार्यकाल बाँकी छँदै कुनै सदस्यको पद रिक्त हुन आएमा त्यस्तो रिक्त स्थानको पूर्ति गर्ने बारेमा संविधानले के व्यवस्था गरेको छ ?**

- प्रतिनिधि सभाको कार्यकाल ६ महिनाभन्दा बढी अबधि बाँकी छँदै कुनै सदस्यको स्थान रिक्त भएमा बाँकी अवधिका लागि त्यस्तो स्थान जुन निर्वाचन प्रणालीबाट पूर्ति भएको थियो सोही प्रक्रियाद्वारा पूर्ति गरिन्छ ।

**२८. प्रतिनिधि सभाको सदस्यका लागि पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिमको निर्वाचनमा एक जना उम्मेदवारले कति निर्वाचन क्षेत्रबाट उम्मेदवारी दिन सक्छ ?**

- प्रतिनिधि सभाको सदस्यका लागि पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम हुने निर्वाचनमा उम्मेदवार हुने व्यक्तिले कुनै एक निर्वाचन क्षेत्रबाट मात्र उम्मेदवारी दिन पाउँछ ।
- एकभन्दा बढी निर्वाचन क्षेत्रमा उम्मेदवार हुन पाउँदैन ।

**२९. राष्ट्रिय सभाको गठन कसरी हुन्छ ?**

देहाय बमोजिम सदस्य रहने गरी राष्ट्रिय सभाको गठन हुने व्यवस्था संविधानले गरेको छः-

- राष्ट्रिय सभामा प्रत्येक प्रदेशबाट कम्तीमा तीन जना महिला, एक जना दलित, एक जना अपाङ्गता भएका व्यक्ति वा अल्पसङ्ख्यकसहित आठ जनाका दरले जम्मा ५६ जना, र
- नेपाल सरकारको सिफारिसमा राष्ट्रपतिबाट मनोनीत कम्तीमा १ जना महिला सहित ३ जना,
- यसरी राष्ट्रिय सभामा कुल ५९ सदस्य हुन्छन् ।

**३०. राष्ट्रिय सभाका सदस्यको निर्वाचनका लागि मतदाता को हुन्छन् ?**

- राष्ट्रिय सभामा निर्वाचित हुने सदस्यको निर्वाचनका लागि एक निर्वाचक मण्डल रहन्छ ।

- निर्वाचक मण्डलमा प्रदेश सभाका सदस्य, गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुख रहन्छन् ।
- प्रदेश सभाका सदस्य, गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुखको मतभार भने संघीय कानून बमोजिम फरक हुन्छ ।

### ३१. राष्ट्रिय सभाका सदस्यको पदावधि कति हुन्छ ?

- राष्ट्रिय सभा स्थायी सदन हो । यसका सदस्यको पदावधि ६ वर्षको हुन्छ ।
- स्थायी सदन भएकोले सबै सदस्यको पदावधि एकै पटक नसकिई प्रत्येक दुई वर्षमा एक तिहाई सदस्यको पदावधि सकिन्छ ।
- तसर्थ प्रत्येक दुई वर्षमा राष्ट्रिय सभाका एक तिहाई सदस्यका लागि निर्वाचन हुन्छ ।
- पहिलो पटकका लागि भने गोला प्रथाद्वारा पहिलो एक तिहाई सदस्यको २ वर्ष, अर्को एक तिहाई सदस्यको ४ वर्ष र बाँकी एक तिहाई सदस्यको ६ वर्षको पदावधि कायम गरिन्छ ।

### ३२. राष्ट्रिय सभा सदस्यको रिक्त स्थानको पूर्ति कसरी गरिन्छ ?

- राष्ट्रिय सभामा कुनै स्थान रिक्त हुन आएमा त्यस्तो स्थान निर्वाचन वा मनोनयन जुन तरिकाबाट पूर्ति भएको हो सोही तरिकाबाट बाँकी अवधिका लागि पूर्ति गरिन्छ ।

**३३. संघीय संसदमा महिलाको प्रतिनिधित्व सम्बन्धमा के व्यवस्था छ ?**

- संघीय संसद (प्रतिनिधि सभा र राष्ट्रिय सभाको संयुक्त रूप) मा प्रतिनिधित्व गर्ने प्रत्येक राजनीतिक दलबाट निर्वाचित कुल सदस्य सङ्ख्याको कम्तीमा एकतिहाई सदस्य महिला हुनुपर्ने व्यवस्था छ ।
- त्यसै गरी राष्ट्रपतिबाट मनोनीत हुने तीन जनामध्ये एक जना महिला हुनुपर्ने व्यवस्था छ ।
- यस अनुसार संघीय संसदको कुल ३३४ सदस्यमध्ये कम्तीमा यसको एक तिहाइ सदस्य अर्थात् ११२ जना महिला सदस्य संघीय संसद्मा हुनु अनिवार्य छ ।

**३४. संघीय संसदमा महिलाको प्रतिनिधित्वलाई कसरी सुनिश्चित गरिएको छ ?**

- कुनै राजनीतिक दलबाट प्रतिनिधि सभा सदस्यको लागि भएको पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिमको निर्वाचनमा र राष्ट्रिय सभा सदस्यका लागि भएको निर्वाचनमा कम्तीमा एक तिहाई सदस्य महिला निर्वाचित हुन नसकेमा त्यस्तो राजनीतिक दलले समानुपातिक निर्वाचन प्रणालीको निर्वाचनमा प्रतिनिधि सभाका लागि बन्दसूचीबाट उम्मेद्वार निर्वाचित गर्दा आफ्नो दलबाट संघीय संसदमा निर्वाचित हुने कुल सदस्यको कम्तीमा एक तिहाई महिला सदस्य निर्वाचित गर्नुपर्ने व्यवस्था गरी महिला प्रतिनिधित्वलाई सुनिश्चित गरिएको छ ।

**३५. सदनको नेतृत्वदायी पदमा लैङ्गिक समावेशिता र बहुदलीय सहभागितालाई सुनिश्चित गर्न कस्तो व्यवस्था गरिएको छ ?**

संविधानमा भएको देहायको व्यवस्थाले सदनको नेतृत्वदायी पदमा लैङ्गिक समावेशिता र बहुदलीय सहभागितालाई सुनिश्चित गरिएको छ :-

- प्रतिनिधि सभाको सभामुख र उपसभामुख मध्ये एक जना महिला हुनुपर्ने,
- राष्ट्रिय सभाका अध्यक्ष र उपाध्यक्षमध्ये एक जना महिला हुनुपर्ने, र
- प्रतिनिधि सभामा सभामुख र उपसभामुख फरक फरक राजनीतिक दलबाट (प्रतिनिधि सभामा एकभन्दा बढी दलको प्रतिनिधित्व नरहेको वा उम्मेदवारी नदिएको अवस्थामा बाहेक) हुनुपर्ने ।

**३६. प्रदेश सभा भनेको के हो ?**

- प्रदेश कानूनको निर्माण लगायत प्रदेश तहको व्यवस्थापिकीय कार्य सम्पन्न गर्न गठन हुने प्रदेश व्यवस्थापिका नै प्रदेश सभा हो । यस्तो प्रदेश सभा एक सदनात्मक हुन्छ ।

**३७. प्रदेश सभाको गठन कसरी हुन्छ ?**

- प्रदेश सभाको गठनका लागि पनि मिश्रित निर्वाचन प्रणाली अपनाइएको छ ।
- प्रदेश सभामा रहने कुल सदस्य मध्ये ६० प्रतिशत सदस्य पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम

र बाँकी ४० प्रतिशत सदस्य राजनीतिक दललाई मत दिने समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने निर्वाचनबाट निर्वाचित हुन्छन् ।

**३८. प्रदेश सभामा कुल कति सदस्य रहने व्यवस्था छ ?**

प्रत्येक प्रदेश सभामा देहाय बमोजिमको सङ्ख्यामा सदस्यहरू रहन्छन्ः-

- सम्बन्धित प्रदेशबाट प्रतिनिधि सभामा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम निर्वाचित हुने सदस्य सङ्ख्याको दोब्बर सङ्ख्यामा हुन आउने सदस्य,
- यसरी निर्वाचित भई कायम हुने सदस्य सङ्ख्यालाई साठी प्रतिशत मानी बाँकी चालिस प्रतिशतमा समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित हुने सदस्य ।

जस्तै- कुनै प्रदेशबाट प्रतिनिधि सभामा ३० जना सदस्य निर्वाचित हुन्छन् भने उक्त प्रदेशमा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिमको निर्वाचनबाट त्यसको दोब्बर सङ्ख्या अर्थात् ६० जना (जुन सङ्ख्या ६० प्रतिशत मानिने व्यवस्था छ) र समानुपातिक निर्वाचन प्रणाली बमोजिमको निर्वाचनबाट ४० जना (अर्थात् ४० प्रतिशत) गरी जम्मा १०० सदस्य रहन्छन् ।

**३९. प्रदेश सभाको सदस्य हुन कस्तो योग्यता आवश्यक हुन्छ ?**

- नेपाली नागरिक,
- सम्बन्धित प्रदेशको मतदाता रहेको,
- पच्चीस वर्ष उमेर पूरा भएको,

- नैतिक पतन देखिने फौजदारी कसुरमा सजाय नपाएको,
- कुनै संघीय कानूनले अयोग्य नभएको,
- कुनै लाभको पदमा बहाल नरहेको ।

**४०. सातवटा प्रदेशका प्रदेश सभामा जम्मा कति सदस्य रहन्छन् ?**

- प्रदेश सभामा रहने सदस्यको सङ्ख्या प्रतिनिधि सभामा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिमको निर्वाचनबाट निर्वाचित हुने सदस्य सङ्ख्यासँग प्रत्यक्षरूपले सम्बन्धित छ ।
- प्रतिनिधि सभामा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम निर्वाचित हुने सदस्य सङ्ख्याको दोब्बर सङ्ख्यालाई प्रदेश सभाका लागि ६० प्रतिशत मानिन्छ ।
- प्रतिनिधि सभामा सातवटा प्रदेशबाट जम्मा १६५ सदस्य निर्वाचित हुने भएकाले प्रदेश सभामा यसको दोब्बर सङ्ख्या अर्थात् ३३० सदस्य पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम निर्वाचित हुन्छन् । यो सङ्ख्या प्रदेशहरूमा रहने कुल सदस्य सङ्ख्याको ६० प्रतिशत हो ।
- बाँकी ४० प्रतिशत अर्थात् २२० सदस्य समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने निर्वाचनबाट निर्वाचित हुन्छन् ।
- तसर्थ, सात वटा प्रदेशका प्रदेश सभामा कुल ५५० सदस्य रहन्छन् ।
- निर्वाचन क्षेत्र निर्धारण हुन बाँकी रहेकाले कुन प्रदेशमा

कति सदस्य रहन्छन् भन्ने बारे भने अहिले नै किटान गर्न सकिने अवस्था छैन ।

**४१. प्रदेश सभाको स्वरूपलाई समावेशी बनाउन समानुपातिक निर्वाचन प्रणाली अन्तर्गतको निर्वाचनका लागि राजनीतिक दलले उम्मेदवारी दिंदा समावेश गर्नुपर्ने समूह र ध्यान दिनुपर्ने विषय के छन् ?**

- समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने निर्वाचनका लागि राजनीतिक दलले उम्मेद्वारी दिँदा जनसङ्ख्याको आधारमा विभिन्न नौ वटा समूहको प्रतिनिधित्व हुने गरी बन्दसूची तयार गर्नुपर्छ ।
- यो समूहमा प्रतिनिधि सभाको लागि तोकिएका विभिन्न आठ वटा समूह (क्रम संख्या २५ मा उल्लेख गरिएको) का अलावा अल्पसङ्ख्यक समुदाय पनि पर्छन् ।
- उम्मेदवारी दिँदा भूगोल र प्रादेशिक सन्तुलनलाई समेत ध्यान दिनुपर्ने एवम् अपाङ्गता भएको व्यक्तिको समेत प्रतिनिधित्व हुने व्यवस्था गर्नुपर्छ ।

**४२. प्रदेश सभामा महिला सहभागिताको सम्बन्धमा के व्यवस्था गरिएको छ ?**

- संविधानले संघीय संसदमा महिलाको प्रतिनिधित्वका लागि जे जस्तो व्यवस्था गरेको छ त्यही व्यवस्था प्रदेश सभाका लागि पनि गरेको छ ।
- तसर्थ प्रदेश सभामा प्रतिनिधित्व गर्ने प्रत्येक राजनीतिक दलबाट निर्वाचित कुल सदस्य सङ्ख्याको कम्तीमा एक तिहाइ सदस्य महिला हुनु पर्छ ।

- यस अनुसार हिसाब गर्दा सात प्रदेशमा रहने कुल ५५० सदस्यमध्ये कम्तीमा १८४ जना महिला सदस्य निर्वाचित हुनुपर्छ ।
- कुनै राजनीतिक दलबाट प्रदेश सभा सदस्यको लागि भएको पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिमको निर्वाचनमा कम्तीमा एक तिहाइ सदस्य महिला निर्वाचित हुन नसकेमा समानुपातिक निर्वाचन प्रणालीको निर्वाचनमा बन्द सूचीबाट उम्मेदवार निर्वाचित गर्दा आफ्नो दलबाट प्रदेश सभामा निर्वाचित हुने कुल सदस्यको कम्तीमा एक तिहाई महिला सदस्य हुनेगरी निर्वाचित गर्नुपर्छ ।

**४३. प्रदेश सभाको कार्यकाल कति वर्षको हुन्छ ?**

- प्रदेश सभाको कार्यकाल पाँच वर्षको हुन्छ ।
- सम्बन्धित प्रदेशमा सङ्कट कालीन अवस्थाको घोषणा वा आदेश लागू रहेको अवस्थामा प्रदेश ऐन बमोजिम एक वर्षमा नबढ्ने गरी कार्यकाल थप गर्न सकिन्छ ।
- यसरी कार्यकाल थप भएकोमा सङ्कट कालीन अवस्थाको घोषणा खारेज भएको मितिले ६ महिना पुगेपछि स्वतः समाप्त हुन्छ ।

**४४. प्रदेश सभाको नेतृत्वदायी पदमा लैङ्गिक समावेशिता र बहुदलीय सहभागितालाई सुनिश्चित गर्न कस्तो व्यवस्था गरिएको छ ?**

- प्रदेश सभाको सभामुख र उपसभामुखमध्ये एक जना महिला हुनुपर्ने,

- सभामुख र उपसभामुख फरक फरक राजनीतिक दलबाट (प्रदेश सभामा एकभन्दा बढी दलको प्रतिनिधित्व नरहेको वा उम्मेदवारी नदिएको अवस्थामा बाहेक) हुनुपर्ने,
- यसरी संघीय संसदमा जस्तै प्रदेश सभामा पनि सदनको नेतृत्वदायी पदमा लैङ्गिक समावेशिता र बहुदलीय सहभागितालाई सुनिश्चित गरिएको छ ।

**४५. स्थानीय तह अन्तर्गत कुन कुन निकाय पर्छन् ?**

- स्थानीय तह अन्तर्गत गाउँपालिका, नगरपालिका र जिल्ला सभा पर्छन् ।
- गाउँपालिका र नगरपालिका भौगोलिक तथा प्रशासकीय इकाई हुन् ।
- यी निकायको व्यस्थापिकीय कार्यका लागि स्थानीय व्यवस्थापिका रहन्छन् ।
- स्थानीय व्यवस्थापिकालाई गाउँ सभा वा नगर सभा भनिन्छ ।
- कार्यपालिकीय कार्यका लागि स्थानीय कार्यपालिका रहन्छन् । स्थानीय कार्यपालिकाको रूपमा गाउँ कार्यपालिका र नगर कार्यपालिका रहन्छन् ।

**४६. गाउँ सभाको गठन कसरी हुन्छ ?**

- गाउँपालिकामा सबैभन्दा तल्लो तहमा वडा समिति रहन्छन् ।
- प्रत्येक वडा समितिमा एक जना वडाध्यक्ष र चारजना वडा सदस्य रहन्छन् । यस मध्ये कम्तीमा दुई जना महिला रहन्छन् ।

- गाउँ सभाको गठनका लागि प्रत्येक वडाका मतदाताले एक व्यक्ति एक मतको आधारमा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम गोप्य मतदानद्वारा एक जना वडाध्यक्ष, चारजना वडा सदस्य र गाउँ कार्यपालिकाका अध्यक्ष  र उपाध्यक्षको निर्वाचन गर्छन् ।
- गाउँ कार्यपालिकाका अध्यक्ष र उपाध्यक्ष नै गाउँ सभाका पदेन अध्यक्ष र उपाध्यक्ष हुन्छन् ।
- गाउँ सभाका सदस्यले गाउँ कार्यपालिकाका लागि मनोनीत गरेका दलित वा अल्पसङ्ख्यक समुदायका दुई जना व्यक्ति पनि गाउँ सभाका सदस्य रहन्छन् ।
- उदाहरणका लागि- यो व्यवस्था बमोजिम कुनै गाउँपालिका क्षेत्रमा ९ वटा वडा रहेमा गाउँ सभाका सदस्यको सङ्ख्या ४९ जना हुन्छ ।

**४७. नगर सभाको गठन कसरी हुन्छ ?**

- गाउँ सभाको गठन र नगर सभाको गठन प्रक्रिया एउटै हो ।
- नगरपालिका क्षेत्रमा पनि प्रत्येक वडामा कम्तीमा दुई जना महिलासहित एक जना वडाध्यक्ष र  चारजना वडा सदस्य रहेको वडा समिति रहन्छ ।
- नगर सभाको गठनका लागि नगरपालिका क्षेत्रका प्रत्येक वडाका मतदाताले एक जना वडाध्यक्ष, चारजना वडा सदस्य र नगर कार्यपालिकाका प्रमुख र उपप्रमुख निर्वाचित गर्छन् ।
- नगर कार्यपालिकाका प्रमुख र उपप्रमुख नै नगर सभाका पदेन अध्यक्ष र उपाध्यक्ष हुन्छन् ।

- नगर सभाका सदस्यले नगर कार्यपालिकाका लागि मनोनीत गरेका दलित वा अल्पसङ्ख्यक समुदायका तीन जना व्यक्ति पनि नगर सभाका सदस्य रहन्छन् ।
- उदाहरणका लागि- यो व्यवस्था बमोजिम कुनै नगरपालिका क्षेत्रमा ११ वटा वडा रहेमा नगर सभाका सदस्यको सङ्ख्या ६० जना हुन्छ ।

**४८. जिल्ला सभाको गठन कसरी हुन्छ ?**

- जिल्लाका गाउँपालिका र नगरपालिकाका बीच समन्वय गर्न, विकास निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्न र सोको अनुगमन गर्न तथा जिल्लामा रहने संघीय र प्रदेश सरकारी कार्यालय र गाउँपालिका तथा नगरपालिकाका बीच समन्वय कायम गर्न जिल्ला सभाको गठन हुन्छ ।
- जिल्ला सभामा जिल्लाभरका गाउँ कार्यपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगर कार्यपालिकाका प्रमुख र उपप्रमुख सदस्य रहन्छन् ।

**४९. जिल्ला समन्वय समिति सम्बन्धमा के व्यवस्था गरिएको छ ?**

- जिल्ला सभाका तर्फबाट गर्नुपर्ने सम्पूर्ण कार्य सम्पादनका लागि जिल्ला सभाले गाउँ सभा वा नगर सभाका सदस्यमध्येबाट एक जना प्रमुख, एक जना उपप्रमुख, कम्तीमा तीन जना महिला र एक जना दलित वा अल्पसङ्ख्यकसहित नौ सदस्य रहेको जिल्ला समन्वय समितिको निर्वाचन गर्छ ।

- समन्वय समितिका लागि गाउँ सभा र नगर सभाका सदस्यले उम्मेदवारी दिन पाउँछन् ।
- जिल्ला समन्वय समितिमा निर्वाचित हुने गाउँ सभा वा नगर सभाको सदस्यको पद स्वतः रिक्त हुन्छ ।
- यसरी रिक्त हुन आउने पदको पूर्तिका सम्बन्धमा संविधानले थप व्यवस्था भने गरेको छैन ।

**५०. गाउँपालिका र नगरपालिकामा रहने न्यायिक समितिको गठन कसरी हुन्छ ?**

- आफ्नो अधिकार क्षेत्रभित्रका विवाद निरूपण गर्न गाउँपालिकामा उपाध्यक्षको र नगरपालिकामा उपप्रमुखको संयोजकत्वमा तीन सदस्यीय न्यायिक समिति गठन हुन्छ ।
- समितिका अरू दुईजना सदस्यहरू गाउँपालिकामा भए गाउँ सभाका सदस्यले र नगरपालिकामा भए नगर सभाका सदस्यले आफूमध्येबाट निर्वाचित गरेर पठाउँछन् ।

**५१. स्थानीय व्यवस्थापिकाको वडा तहमा महिलाहरूको प्रतिनिधित्व कम्तीमा कति रहन्छ ?**

- स्थानीय तहका गाउँपालिका र नगरपालिकाका वडा समितिमा रहने पाँच जना (एक जना वडाध्यक्ष र चार जना सदस्य) मध्ये कम्तीमा दुई जना महिला सदस्य रहन्छन् ।
- वडा तहमा कम्तीमा ४० प्रतिशत महिला सदस्यको प्रतिनिधित्व सुनिश्चित गरिएको छ ।

## ५२. गाउँ सभा र नगर सभाको कार्यकाल कति हुन्छ ?

- गाउँ सभा र नगर सभाको कार्यकाल निर्वाचन भएको मितिले पाँच वर्षको हुन्छ ।
- कार्यकाल समाप्त भएको छ महिनाभित्र अर्को गाउँ सभा र नगर सभाको निर्वाचन सम्पन्न गर्नुपर्छ ।

## ५३. स्थानीय कार्यपालिकाको गठन कसरी हुन्छ ?

- स्थानीय तहको कार्यकारिणी अधिकार गाउँ कार्यपालिका र नगर कार्यपालिकामा निहित रहन्छ ।
- आ-आफ्ना क्षेत्रमा स्थानीय शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालनको अभिभारा यी निकायमा रहेको छ ।
- गाउँ कार्यपालिका र नगर कार्यपालिकामा स्थानीय मतदाताबाट निर्वाचित र स्थानीय व्यवस्थापिका (गाउँ सभा वा नगर सभा) बाट मनोनीत सदस्य रहन्छन् ।
- स्थानीय तहमा कार्यकारिणीका प्रमुख पदाधिकारीको निर्वाचन बालिग मताधिकारका आधारमा हुने व्यवस्था गरेर संविधानले नागरिक मतको सर्वोच्चतालाई उच्च स्थान दिएको छ ।

## ५४. गाउँ कार्यपालिकामा कुन कुन पदाधिकारी रहन्छन् ?

गाउँ कार्यपालिकामा देहायका पदाधिकारी रहन्छन् :-

- अध्यक्ष एक जना
- उपाध्यक्ष एक जना

- गाउँपालिकाका प्रत्येक वडाबाट निर्वाचित वडाध्यक्ष एक-एक जना
- गाउँ सभाका सदस्यले आफूमध्येबाट निर्वाचित गरेका चार जना महिला सदस्य,
- गाउँ सभाका सदस्यले दलित वा अल्पसङ्ख्यक समुदायबाट निर्वाचित गरेका दुईजना सदस्य ।
- यस प्रकार कुनै गाउँपालिका क्षेत्रमा ९ वटा वडा कायम रहेछन् भने गाउँ कार्यपालिकाका सदस्यको सङ्ख्या १७ जना हुन्छ ।

**५५. नगर कार्यपालिकामा कुन कुन पदाधिकारी रहन्छन् ?**

नगर कार्यपालिकामा देहायका पदाधिकारी रहन्छन् :-

- प्रमुख एक जना
- उपप्रमुख एक जना
- नगरपालिकाका प्रत्येक वडाबाट निर्वाचित वडाध्यक्ष एक-एक जना
- नगर सभाका सदस्यले आफूमध्येबाट निर्वाचित गरेका पाँच जना महिला सदस्य,
- नगर सभाका सदस्यले दलित वा अल्पसङ्ख्यक समुदायबाट निर्वाचित गरेका तीन जना सदस्य ।
- यस प्रकार कुनै नगरपालिका क्षेत्रमा ११ वटा वडा कायम रहेछन् भने गाउँ कार्यपालिकाका सदस्यको सङ्ख्या २१ जना हुन्छ ।

**५६. स्थानीय कार्यपालिकाका पदाधिकारीको पदावधि कति हुन्छ ? र कति कार्यकालसम्म उम्मेद्वार हुन पाइन्छ ?**

- स्थानीय कार्यपालिकाका पदाधिकारीहरूको पदावधि ५ वर्षको हुन्छ ।
- गाउँ कार्यपालिकाका अध्यक्ष वा उपाध्यक्ष र नगर कार्यपालिकाका प्रमुख वा उपप्रमुखको पदावधि एक वर्ष भन्दा बढी अवधि बाँकी छँदै पद रिक्त हुन आएमा उपनिर्वाचनद्वारा पूर्ति गरिन्छ ।
- गाउँ कार्यपालिकाको अध्यक्ष र नगर कार्यपालिकाको प्रमुखको पदमा दुई कार्यकालका लागि निर्वाचित व्यक्ति गाउँ कार्यपालिका र नगर कार्यपालिकाको निर्वाचनमा उम्मेदवार हुन पाउँदैनन् ।

**५७. स्थानीय कार्यपालिकालाई समावेशी बनाउन के कस्तो व्यवस्था गरिएको छ ?**

- स्थानीय कार्यपालिकालाई समावेशी बनाउनका लागि महिला र दलित वा अल्पसङ्ख्यक समुदायको प्रतिनिधित्वलाई सुनिश्चित गरिएको छ ।
- गाउँ कार्यपालिकामा चारजना र नगर कार्यपालिकामा पाँच जना महिला सदस्य सम्बन्धित गाउँ सभा वा नगर सभाले आफू मध्येबाट मनोनीत गरी पठाउँछन् ।
- त्यसै गरी दलित वा अल्पसङ्ख्यक समुदायको प्रतिनिधित्वका लागि गाउँ सभा र नगर सभाले गाउँ कार्यपालिकामा भए दुई जना र नगर कार्यपालिकामा भए तीन जना सदस्य मनोनीत गर्छन् ।

**५८. साविक व्यवस्था बमोजिम स्थानीय निकायको निर्वाचन सम्पन्न गर्ने गराउने सम्बन्धमा संविधानमा के व्यवस्था छ ?**

- नेपालको संविधानको धारा ३०३ ले हाल कायम रहेका स्थानीय निकायहरू यो संविधान बमोजिम स्थानीय तहको सङ्ख्या र क्षेत्र निर्धारण नभएसम्म कायम रहने व्यवस्था गरेको छ ।
- हाल देशभरमा ३१५७ गाउँ विकास समिति र २१७ नगरपालिका रहेका छन् ।
- संविधानले यी निकायका पदाधिकारीको निर्वाचन कानून बमोजिम हुने र यो संविधान बमोजिम स्थानीय तहको निर्वाचन नभएसम्म निर्वाचित पदाधिकारीहरू कायम रहने व्यवस्था गरेको छ ।

**५९. साविक व्यवस्था बमोजिम स्थानीय निकायको निर्वाचनमा एक जना मतदाताले कति पदाधिकारीको निर्वाचनका लागि मतदान गर्छन् ?**

- निर्वाचनमा एक जना मतदाताले आफ्नो वडाको वडाध्यक्ष एक जना, कम्तीमा एकजना महिलासहित वडा सदस्य चार जना र गाउँ विकास समितिको अध्यक्ष र उपाध्यक्ष वा नगरपालिकाको प्रमुख र उपप्रमुख गरी सात जना प्रतिनिधि छनोटका लागि मतदान गर्छन् ।

**६०. संविधानले निर्वाचन क्षेत्र निर्धारण गर्ने सम्बन्धमा के व्यवस्था गरेको छ ?**

- संविधानले संघीय संसदका सदस्य र प्रदेश सभाका सदस्यको निर्वाचन प्रयोजनका लागि निर्वाचन क्षेत्र

निर्धारण गर्न नेपाल सरकारले एक आयोग गठन गर्ने व्यवस्था गरेको छ। आयोगमा देहाय बमोजिम अध्यक्ष र सदस्य रहन्छन् :

| | |
|---|---|
| - सर्वोच्च अदालतका सेवानिवृत्त न्यायाधीश | अध्यक्ष |
| - भूगोलविद् एक जना | सदस्य |
| - समाजशास्त्री वा मानवशास्त्री एक जना | सदस्य |
| - प्रशासनविद् वा कानूनविद् एक जना | सदस्य |
| - नेपाल सरकारको विशिष्ट श्रेणीको अधिकृत | सदस्य-सचिव |

**६१. निर्वाचन क्षेत्र निर्धारणका आधारहरू के के हुने व्यवस्था छ ?**

निर्वाचन क्षेत्र निर्धारणका आधारहरू देहाय बमोजिम हुने व्यवस्था छ :

- निर्वाचन क्षेत्र निर्धारण आयोगबाट नेपालको संविधानको धारा २८६ बमोजिम निर्वाचन क्षेत्र निर्धारण गर्दा धारा ८४ को उपधारा (१) को खण्ड (क) को अधीनमा रही प्रतिनिधित्वको लागि जनसङ्ख्यालाई मुख्य र भूगोललाई दोस्रो आधार मानी संघीय कानूनबमोजिम प्रदेशमा क्षेत्र निर्धारण गरिने,

  *(धारा ८४ को उपधारा (१) को खण्ड (क) मा भएको व्यवस्था यसै पुस्तिकाको क्रम संख्या २४ मा उल्लेख गरिएको छ) ।*

- प्रदेशभित्र रहेका प्रत्येक जिल्लामा कम्तीमा एक निर्वाचन क्षेत्र रहने,

- निर्वाचन क्षेत्र निर्धारण गर्दा जनसंख्या र भौगोलिक अनुकूलता, सो क्षेत्रको जनसङ्ख्याको घनत्व, भौगोलिक विशिष्टता, प्रशासनिक एवम् यातायातको सुगमता, सामुदायिक तथा सांस्कृतिक पक्षलाई समेत ध्यान दिनुपर्ने ।

**६२. निर्वाचन क्षेत्रको पुनरावलोकन कति कति वर्षमा हुन्छ ? र, यस सम्बन्धमा अन्य व्यवस्था के छ ?**

- निर्वाचन क्षेत्रको पुनरावलोकन प्रत्येक बीस वर्षमा हुन्छ ।
- निर्वाचन क्षेत्र निर्धारण गरिएको वा पुनरावलोकन गरिएको विषयमा कुनै अदालतमा प्रश्न उठाउन नपाइने व्यवस्था समेत गरिएको छ ।

**६३. सवैधानिक निकायको वार्षिक प्रतिवेदन सम्बन्धमा के व्यवस्था छ ?**

- संवैधानिक निकायले आफूले गरेका काम कारबाहीको वार्षिक प्रतिवेदन राष्ट्रपति समक्ष पेश गर्नुपर्छ ।
- राष्ट्रपतिले त्यस्तो प्रतिवेदन प्रधानमन्त्री मार्फत संघीय संसद समक्ष पेश गर्न लगाउँछन् ।
- संवैधानिक निकायले प्रत्येक प्रदेशको काम कारबाहीको सम्बन्धमा अलग अलग प्रतिवेदन तयार गरी प्रदेश प्रमुख समक्ष पेश गर्न सक्ने समेत व्यवस्था छ ।

**६४. सवैधानिक निकायको काम कारबाहीको अनुगमन तथा निर्देशनका सम्बन्धमा संविधानमा के व्यवस्था छ ?**

- संविधानको धारा २९३ मा संवैधानिक निकायका प्रमुख र

पदाधिकारी संसदप्रति उत्तरदायी र जवाफदेही रहनु पर्ने व्यवस्था रहेको छ ।

- प्रतिनिधि सभामा रहने समितिले राष्ट्रिय मानव अधिकार आयोग बाहेकका अरू संवैधानिक निकाय (निर्वाचन आयोग समेत) को प्रतिवेदन लगायतका काम कारवाहीको अनुगमन र मूल्याङ्कन गरी निर्देशन वा राय सल्लाह दिन सक्ने व्यवस्था छ ।

**६५. नेपालको संविधान अनुसार कुन कुन पदाधिकारी विरुद्ध प्रतिनिधि सभामा महाअभियोगको प्रस्ताव पेश हुनसक्ने व्यवस्था छ?**

नेपालको संविधानको धारा १०१ मा महाअभियोग सम्बन्धी व्यवस्था छ । सो अनुसार देहायका पदाधिकारी विरूद्ध महाअभियोगको प्रस्ताव पेश गर्न सकिन्छ :

- राष्ट्रपति, उपराष्ट्रपति
- नेपालका प्रधान न्यायाधीश
- सर्वोच्च अदालतका न्यायाधीश,
- न्यायपरिषदका सदस्य
- संवैधानिक निकायका प्रमुख वा पदाधिकारी

**६६. नेपालका प्रधान न्यायाधीश, सर्वोच्च अदालतका न्यायाधीश, न्यायपरिषदका सदस्य, सवैधानिक निकायका प्रमुख वा पदाधिकारी विरुद्ध के के कुराका आधारमा महाअभियोगको प्रस्ताव पेश हुनसक्छ ?**

देहायको आधार वा अवस्थामा महाअभियोगको प्रस्ताव पेश

हुन सक्छ :

- संविधान र कानूनको गम्भीर उल्लङ्घन गरेको,
- कार्यक्षमताको अभाव
- खराब आचरण भएको
- इमान्दारीपूर्वक आफ्नो पदीय कर्तव्यको पालन नगरेको
- आचार संहिताको गम्भीर उल्लङ्घन गरेको कारणले आफ्नो पदीय जिम्मेवारी पूरा गर्न नसकेको ।

**६७. सर्वोच्च अदालतका न्यायाधीश, न्यायपरिषदका सदस्य, सवैधानिक निकायका प्रमुख वा पदाधिकारी विरुद्ध महाअभियोग प्रस्ताव पेश गर्ने प्रक्रिया के छ ?**

- उल्लिखित कुनै पदाधिकारी विरुद्ध प्राप्त सूचना, जानकारी वा उजुरी ग्राह्य रहेको भनी प्रतिनिधि सभाका कम्तीमा तीन जना सदस्यले प्रमाणित गरी महाअभियोग सिफारिस समिति समक्ष पेश गर्छन् ।
- उजुरी ग्राह्य रहेको भनी सिफारिस भई आएको पदाधिकारी विरुद्ध महाअभियोगको प्रस्ताव पेश गर्ने आधार र कारण विद्यमान भए नभएको छानविन गरी सिफारिस गर्न प्रतिनिधि सभामा ११ सदस्यीय महाअभियोग सिफारिस समिति रहन्छ ।
- महाअभियोग सिफारिस समितिले उजुरी उपर छानविन गरी महाअभियोग सम्बन्धी कारवाहीका लागि प्रतिनिधि सभा समक्ष सिफारिस गरेमा प्रतिनिधि सभामा तत्काल कायम रहेको सम्पूर्ण सदस्य सङ्ख्याको एक चौथाइ सदस्यले महाअभियोगको प्रस्ताव पेश गर्न सक्छन् ।

**६८. महाअभियोग प्रस्ताव पारित गर्न संसदको कति सदस्यको बहुमत आवश्यक हुन्छ ? यस सम्बन्धी अन्य व्यवस्था के छ ?**

- प्रतिनिधि सभामा पेश भएको महाअभियोगको प्रस्ताव पारित हुन प्रतिनिधि सभामा तत्काल कायम रहेको सदस्य सङ्ख्याको दुई तिहाई बहुमत आवश्यक हुन्छ ।
- महाअभियोगको आरोप लागेको व्यक्तिलाई सफाइ पेश गर्ने मौका दिइन्छ ।
- महाअभियोगको कारवाही प्रारम्भ भएपछि कारवाहीको टुङ्गो नलागेसम्म त्यस्तो पदाधिकारीले आफ्नो पदको कार्य सम्पादन गर्न पाउने छैन ।
- महाअभियोग प्रस्ताव पारित भएमा त्यस्तो पदाधिकारी पद मुक्त हुन्छन् ।

**६९. संवैधानिक इजलास गठनका विषयमा संविधानले के व्यवस्था गरेको छ ?**

- संविधानको धारा १३७ मा संवैधानिक इजलासको व्यवस्था गरिएको छ ।
- प्रधान न्यायाधीश र न्याय परिषदको सिफारिसमा प्रधान न्यायाधीशले तोकेका अन्य चार जना न्यायाधीश यस इजलासमा रहने व्यवस्था संविधानले गरेको छ ।

**७०. संवैधानिक इजलासले निर्वाचनसँग सम्बन्धित के कस्ता विषयका मुद्दाको सुरु कारवाही र किनारा गर्ने व्यवस्था छ ?**

- संवैधानिक इजलासले अन्य विषयका अतिरिक्त संघीय संसद वा प्रदेश सभा सदस्यको निर्वाचन सम्बन्धी विवाद

र संघीय संसदका सदस्य वा प्रदेश सभाका सदस्यको अयोग्यता सम्बन्धी विषयका मुद्दाको सुरु कारवाही र किनारा गर्छ ।

**७१. संविधानमा राजनीतिक दलको गठन, दर्ता र सञ्चालन बारे के व्यवस्था गरिएको छ ?**

- राजनीतिक दल खोल्ने हकलाई नागरिकको स्वतन्त्रताको हकको रूपमा प्रत्याभूत गरिएको छ ।
- समान राजनीतिक विचारधारा, दर्शन र कार्यक्रममा प्रतिवद्ध व्यक्तिहरूले दलको गठन गरी सञ्चालन गर्न सक्छन् ।
- राजनीतिक दलले दलको विचारधारा, दर्शन र कार्यक्रमप्रति जनसाधारणको समर्थन र सहयोग प्राप्त गर्न त्यसको प्रचार प्रसार गर्न गराउन सक्छन् ।
- राजनीतिक दललाई प्रतिबन्ध लगाउन बन्देज गरिएको छ ।
- राजनीतिक दलले कानुनद्वारा निर्धारित प्रक्रिया पूरा गरी निर्वाचन आयोगमा दल दर्ता गराउनु पर्छ ।

**७२. दल दर्ताका लागि निवेदन दिँदा दलहरूले पूरा गर्नुपर्ने शर्त के के छन् ?**

- राजनीतिक दलले दलको विधान, घोषणापत्र र संघीय कानुनले तोके बमोजिमका कागजात पेश गर्नुपर्छ ।
- राजनीतिक दलको विधान र नियमावली लोकतान्त्रिक हुनुपर्छ ।

- कम्तीमा पाँच वर्षमा एक पटक दलको संघीय र प्रदेश तहका प्रत्येक पदाधिकारीको निर्वाचन हुने व्यवस्था हुनु पर्छ । तर विशेष परिस्थितिमा पाँच वर्षमा निर्वाचन सम्पन्न हुन नसकेमा ६ महिनाभित्र निर्वाचन गर्न सक्ने गरी विधानमा व्यवस्था गर्न सक्ने व्यवस्था छ ।
- दलको विभिन्न तहका कार्यकारिणी समितिमा संविधान बमोजिम नेपालको विविधतालाई प्रतिविम्बित गर्ने गरी समावेशी प्रतिनिधित्वको व्यवस्था गरिएको हुनुपर्छ ।
- राजनीतिक दलको नाम, उद्देश्य, चिह्न वा झण्डा देशको धार्मिक वा साम्प्रदायिक एकतामा खलल पार्ने वा देशलाई विखण्डित गर्ने प्रकृतिको हुन नहुने ।

**७३. राजनीतिक दलको रूपमा निर्वाचनका लागि मान्यता प्राप्त गर्न दर्ता गराउनु पर्ने सम्बन्धमा के व्यवस्था छ ?**

- निर्वाचन प्रयोजनका लागि मान्यता प्राप्त गर्न चाहने राजनीतिक दलले सो प्रयोजनका लागि आवश्यक कार्यविधि पूरा गरी निर्वाचन अयोगमा दल दर्ता गराउनु पर्छ ।
- राजनीतिक दलले दलको विधान, घोषणापत्र र वार्षिक लेखा परीक्षण प्रतिवेदन पेश गर्नुपर्छ
- दल दर्ताका लागि निवेदन दिँदा माथि उल्लेख गरिएका विषयका अतिरिक्त यसै पुस्तिकाको क्रम सङ्ख्या ७२ बमोजिमका शर्तहरू समेत पूरा गरेको हुनुपर्छ ।

# मतदाता नामावली सम्बन्धी केही जानकारी

» आयोग अन्तर्गत मोरङ, काठमाडौँ, कास्की, बाँके र कैलालीमा क्षेत्रीय निर्वाचन कार्यालय र बाँकी सत्तरी जिल्लामा जिल्ला निर्वाचन कार्यालय रहेका छन् ।

» क्षेत्रीय निर्वाचन कार्यालय र जिल्ला निर्वाचन कार्यालयले मतदाता दर्ता, मतदान केन्द्र पुनरावलोकन, जिल्लास्तरमा राजनीतिक दलहरूसँगको सम्पर्क, समन्वय, निर्वाचन शिक्षा तथा मतदाता शिक्षा कार्यक्रमको सञ्चालन र निर्वाचन सम्बन्धी सम्पूर्ण क्रियाकलापमा सहयोग र समन्वयकारी भूमिका निर्वाह गर्छन् ।

» निर्वाचन प्रयोजनका लागि मतदाता नामावली सङ्कलन र अद्यावधिक गर्ने कार्य आयोगको प्रमुख कार्य मध्येको एक हो । मतदाता दर्ता गर्ने कार्य क्षेत्रीय निर्वाचन कार्यालय र जिल्ला निर्वाचन कार्यालयहरूमा हुन्छ । मतदाता दर्ता कार्य बाह्रै महिना सञ्चालन हुन्छ ।

» मतदाता नामावलीमा नाम दर्ता गराउन नेपाली नागरिकताको प्रमाणपत्र अनिवार्य रूपमा पेश गर्नुपर्छ । नागरिकताको प्रमाणपत्रमा उल्लेख भएको ठेगाना र स्थायी बसोबास गरिरहेको ठेगाना फरक छ भने ठेगाना फरक पर्नाको कारण खुलेको प्रमाण (बसाई सराईको प्रमाण, विवाह दर्ता वा अरू यस्तै कुनै प्रमाण) समेत पेश गर्नुपर्छ ।

» मतदाता हुन १८ वर्ष उमेर पूरा गरेको हुनुपर्छ । तर आयोगले

मतदाताको नाम सङ्कलन गर्दा १६ वर्ष उमेर पूरा गरी नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गरेका व्यक्तिको समेत नाम सङ्कलन गर्ने गरेको छ । यसरी सङ्कलन गरिएको त्यस्ता व्यक्तिको नाम १८ वर्ष उमेर पूरा भएपछि स्वतः मतदाता नामावलीमा समावेश हुन्छ ।

» मतदाता दर्ता गर्दा मतदाताको फोटो र औँठाको छाप समेत लिइन्छ । तसर्थ मतदाता नामावलीमा नाम दर्ता गर्न सम्बन्धित व्यक्ति आफैँ उपस्थित हुनुपर्छ ।

» मतदाता नामावलीमा नाम दर्ता गराउन सहज पहुँचको लागि सबै जिल्ला प्रशासन कार्यालय र तोकिएका इलाका प्रशासन कार्यालयमा समेत आयोगको मतदाता दर्ता कक्ष सञ्चालन गरिएको छ । यसले नागरिकताको प्रमाणपत्र प्राप्त भएपछि सोही दर्ता कक्षमा सम्पर्क गरी मतदाता नामावलीमा नाम दर्ता गराउन सहयोग पुर्‍याएको छ ।

» समय समयमा सञ्चालन हुने एकीकृत घुम्ती शिविरमा पनि आयोगका कर्मचारी खटाई नाम दर्ता गर्ने गरिएको छ । कार्यालयमा रहेको विवरण अनुसार धेरै मतदाता दर्ता हुन छुट भएको सम्भावना भएका क्षेत्रमा र दलित, सीमान्तकृत र पिछडिएका क्षेत्रका नागरिकको बसोबास रहेका क्षेत्रमा मतदाता दर्ताका लागि विशेष कार्यक्रम पनि सञ्चालन गर्ने गरिएको छ ।

» मतदाता नामावलीका लागि विवरण सङ्कलन र अद्यावधिक गरी अन्तिम मतदाता नामावली तयार गर्ने कार्य पूर्णतः सूचना प्रविधिमा आधारित छ । तसर्थ कुनै एक ठाउँको मतदाता नामावलीमा नाम रहेको व्यक्तिले आफ्नो नाम अर्को कुनै ठाउँमा सार्नुपर्ने भएमा फेरि फोटो खिचाउन वा

औँठाको छाप दिइरहनु पर्दैन । तोकिए बमोजिमको फाराममा यस सम्बन्धी विवरण उपलव्ध गराएर साविककै विवरणबाट सजिलै नाम सार्न सकिन्छ ।

» जुन व्यक्ति अस्थायी रूपमा जहाँ बसिरहेको छ उसले सोही जिल्लास्थित क्षेत्रीय निर्वाचन कार्यालय वा जिल्ला निर्वाचन कार्यालयमा गई आफ्नो स्थायी बसोबास भएको ठेगानामा दर्ता हुने गरी आफ्नो नाम दर्ता गराउन सक्छ । यसरी दर्ता गरिएको नाम आयोगले उसको स्थायी बसोबास रहेको स्थानको मतदाता नामावलीमा दर्ता गर्ने गरी सम्बन्धित जिल्ला निर्वाचन कार्यालयमा पठाइदिन्छ ।

तर कसैले दोहोरो दर्ता गरेको पाइए पछिल्लो दर्ता भएको स्थानमा कायम गरी पहिला दर्ता भएको स्थानमा रहेको नाम हटाइन्छ ।

» अन्तिम मतदाता नामावलीमा मतदाताको रङ्गिन फोटो सहित मतदाता नम्बर, नाम, लिङ्ग, ठेगाना, जन्म मिति, बाबु/आमाको नाम, विवाहिता महिला भए पतिको नाम, मतदान केन्द्रको नाम आदि महत्वपूर्ण विवरण हुन्छन् ।

» मतदाताले आफ्नो विवरण सम्बन्धित क्षेत्रीय निर्वाचन कार्यालय वा जिल्ला निर्वाचन कार्यालयमा गई वा आयोगको वेबसाइट www.election.gov.np मा लग इन गरी हेर्न सक्छन् ।

» फोटो सहितको मतदाता नामावलीका कारण मतदानको दिन मतदाताको पहिचान गर्न सजिलो हुनुको साथै निर्वाचनलाई स्वच्छ, स्वतन्त्र र विश्वसनीय ढङ्गले सम्पन्न गर्न ठूलो सघाउ पुगेको छ ।

# केही जानकारी केही अनुरोध

- मतदानद्वारा आफूलाई मन परेको प्रतिनिधि चुन्न पाउने अधिकार नागरिकको मौलिक अधिकार हो ।
- मतदानद्वारा आफूलाई मन परेको प्रतिनिधि चुन्न मतदाता नामावलीमा नाम दर्ता गरौँ ।
- मतदाता नामावलीमा नाम नभएको व्यक्तिले निर्वाचनमा उम्मेदवार हुन र मतदान गर्न पाउँदैन ।
- निर्वाचनमा उम्मेदवार हुन वा आफूले रोजेको उम्मेदवारलाई मतदान गर्न मतदाता नामावलीमा नाम हुनु अनिवार्य हुन्छ । तसर्थ मतदाता नामावलीमा नाम दर्ता गरी आफ्नो अधिकार सुरक्षित गरौँ ।
- स्थानीय निकाय निर्वाचनबाट नेपालको निर्वाचन इतिहास प्रारम्भ भएको हो ।
- नेपालमा पहिलो पटक वि.सं. २००४ साल जेठ २९ गते काठमाडौँ म्यूनिसिपालिटिको निर्वाचन भएको हो ।
- नेपालमा वि.सं. २०१० सालमा सम्पन्न काठमाडौँ नगरपालिकाको निर्वाचनमा महिलाहरूले मताधिकारको अधिकार पाएका हुन् ।
- नेपालमा वि.सं. २०१० मा सम्पन्न काठमाडौँ नगरपालिकाको निर्वाचनमा वडा नं. ८ को वडाध्यक्षमा साधना देवी प्रधान निर्वाचित भएकी थिइन् । उनी नेपालको पहिलो निर्वाचित महिला जनप्रतिनिधि हुन् ।
- नेपालको पहिलो प्रमुख निर्वाचन आयुक्त (प्रधान निर्वाचन कमिश्नर) सुवर्ण शमसेर राणा हुन् ।
- नेपालको पहिलो महिला निर्वाचन आयुक्त उषा नेपाल हुन् ।

- नेपालको पहिलो संसदीय आमनिर्वाचन २०१५ साल फागुन ७ गते सुरु भएको हो ।
- राष्ट्रिय जनमत संग्रह वि.सं. २०३७ साल वैशाख २० गते सम्पन्न भएको हो ।
- राष्ट्रिय जनमत सङ्ग्रह सम्पन्न गर्न वि.सं. २०३६ सालमा गठित राष्ट्रिय चुनाव आयोगको अध्यक्ष पदमा भगवती प्रसाद सिंह नियुक्त भएका थिए ।
- स्वच्छ, स्वतन्त्र र विश्वसनीय निर्वाचन : हाम्रो लक्ष्य, हाम्रो अभियान
- Free, fair and credible election is the mission of all elections.
- Your vote is your right, your vote is your choice.
- The ballot is stronger than the bullet.
- Voters don't decide issues; they decide who will decide issues.
- Learn from the voters.
- Exercise your right to vote, shape tomorrow by voting today.
- Your vote is a valuable thing.
- The roll right, the poll right.
- Free and fair election: Pride of nations.
- Who do not vote, have no right to complain.
- In election one man one vote and one vote one value.
- Your vote is your voice- be heard.

# तपाईंको नाम मतदाता नामावलीमा दर्ता गर्नु भएको छ ?

**छैन भने दर्ता गरी आफ्नो मताधिकारको सुरक्षा गर्नुहोस् ।**

**प्रकाशक**

निर्वाचन आयोग, नेपाल
कान्तिपथ, काठमाडौँ, नेपाल
टेलिफोन नं : (९७७१) ४२२८६६३
ईमेल : info@election.gov.np

निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

**सहयोगी**

निर्वाचन सहयोग परियोजना, नेपाल

European Union

UKaid from the British people

UNDP Empowered lives. Resilient nations.

यो पुस्तिका युरोपियन युनियन, डिएफआइडी, डेनमार्क, नर्वे र युएनडिपीको आर्थिक सहयोगमा निर्वाचन आयोगद्वारा प्रकाशन गरिएको हो । यस पुस्तिकामा उल्लिखित विषयहरूले दातृमुलुक तथा दातृनिकायहरूको प्रतिनिधित्व गर्दैनन् ।